# इएलएलहरूको अभिभावक भिडियो स्क्रिप्ट -९-८-२०१५
# (कार्यक्रम अभिमुखीकरण भिडियो)

न्युयोर्क स्टेट एजुकेशन डिपार्टमेन्ट
अफिस अफ बाइलिंग्वल एजुकेशन एण्ड वोर्ल्ड ल्यांग्वेजेज
एण्ड द न्युयोर्क स्टेट बोर्ड अफ रिजेंट्स

प्रस्तुत गर्दछ:

<u>न्युयोर्क स्टेटमा इंग्लिस ल्याङ्ग्वेज लर्नर कार्यक्रमहरू</u>

न्युयोर्क स्टेटको सार्वजनिक विद्यालयहरूमा स्वागत छ | हामीसँग २६ लाखभन्दा बढी विद्यार्थीहरू छन् र २ लाख १४ हजार भन्दा बढी इंग्लिस ल्याङ्ग्वेज लर्नरहरू (जसलाई इएलएलहरू वा द्विभाषिक विद्यार्थीहरू पनि भनिन्छ) छन् | हाम्रो विद्यालय व्यवस्थामा परिवारहरूको भाषिक विविधतामा २०० भन्दा बढी भाषाहरू छन् |

हाम्रो विविध समुदायहरूको आवश्यकताहरू पुरा गर्न न्युयोर्क स्टेटमा द्विभाषिक शिक्षा र विश्व भाषाहरूको एउटा कार्यालय छ |

कार्यालयको उद्देश्य इंग्लिस ल्याङ्ग्वेज लर्नरहरूले उच्चतम तहको शैक्षिक सफलता र भाषिक प्रवीणता पाउन् साथै स्टेटले राखेको मानकहरू प्राप्त गर्न सकुन् भन्ने पनि कार्यालयको उद्देश्य हो | सबै विद्यार्थीहरूले विविध भाषाहरूमा व्यक्तिगत शैक्षिक पथ र सामाजिक-भावनात्मक आवश्यकताहरूको पूर्ति गर्दै उनीहरूलाई कलेज र क्यारियरको लागि तयार रहुन् भन्नका लागि हामी जहिले प्रयासरत छौं |

हामी विश्वास गर्छौं कि सबै विद्यार्थीहरूले यस्तो शिक्षा प्राप्त गर्नुपर्छ कि त्यसले उनीहरूलाई उच्च माध्यामिक तह उतिर्ण गर्न र कलेज जान तथा / वा करियर बनाउन तयार पुर्याउछ |

हामीलाई यो थाहा छ कि सूचित अभिभावकहरू आफ्ना बच्चाहरूको राम्रा वकालतकर्ता हुन् | द्विभाषिक शिक्षा र विश्व भाषाहरूको कार्यालय तपाईंतपाईंको बच्चालाई विद्यालयले के दिन सक्छ त्यसको खोजीमा तपाईंलाई सहयोग गर्न तयार छ |

तपाईंको बच्चाले एउटा अंग्रेजी भाषाको परीक्षा लिएको छ र उसलाई एउटा इंग्लिस ल्याङ्ग्वेज लर्नर भनेर पहिचान गरिएको छः अर्थात एउटा विद्यार्थी जसको मुख्य वा घरको भाषा अंग्रेजी भन्दा अरुनै हो र उसले विद्यालयमा सफल हुन अंग्रेजी सिक्न थप सहयोग पाउनुपर्छ |

न्युयोर्क स्टेटमा, विद्यालयहरूले नयाँ भर्ना भएका इंग्लिस ल्याङ्ग्वेज लर्नरको परिवारहरूको लागि उक्त विद्यार्थीको बिद्यालय वा जिल्लामा उपलब्ध भएको थुप्रै कार्यक्रमहरू बारे सूचना दिन अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्नुपर्छ | यो अभिमुखीकरणमा तपाईंले आफ्नो मुख्य वा घरको भाषामा कार्यक्रम सम्बन्धी सामाग्रीहरू पाउनु हुनेछ। तपाईंलाई प्रश्नहरू

सोध्ने र त्यसको उत्तरहरू पाउने अवसर प्रदान गरिनेछ | यो अभिमुखीकरण सत्रले तपाईंलाई तपाईंको बच्चाले पाउने कार्यक्रमको राम्रो ज्ञान दिन्छ |

एउटा इंग्लिस ल्याङ्ग्वेज लर्नर भएकोले तपाईंको बच्चालाई उसको शैक्षिक एवम अंग्रेजी सिकाइ साथै आफ्नो पहिलो वा घरको भाषा सिक्नमा सहयोग पुर्याउने केही खास निर्देशन सुविधाहरू पाउने अधिकार हुन्छ |

प्रत्येक बर्षको ग्रिष्ममा तपाईंको बच्चाले एउटा अंग्रेजी भाषा मुल्यांकन परीक्षा दिनेछ | यो मुल्यांकनले तपाईंको बच्चाले अंग्रेजीमा बोलाई, सुनाइ, पढाई र लेखाईमा गरिरहेको प्रगति नाप्नेछ | त्यस संगसंगै, तपाईंको बच्चा इंग्लिस ल्याङ्ग्वेज लर्नर भइराख्ने हुन्छ या हुँदैन त्यो थाहा दिन्छ र यदि आवश्यक परे कति थप सहयोग चाहिन्छ त्यो थाहा दिन्छ | यसको जानकारी तपाईंको बच्चाको प्रशिक्षकलाई सोधेर प्राप्त गर्न सकिन्छ |

**न्युयोर्क स्टेटमा उपलब्ध तपाईंको बच्चाले अंग्रेजी सिक्न र द्विभाषिक हुन सहयोग पुर्याउने कार्यक्रमहरूबारे हेरौं** |

उपलब्ध भएका दुईवटा कार्यक्रमहरू छन् | प्रत्येक कार्यक्रमले तपाईंको बच्चालाई विद्यालयमा सफल हुन क्षमता प्रदान गर्छ जसले उच्च माध्यामिक तह उतिर्ण गर्न र अवसरहरूको ढोका खोल्न क्षमता प्रदान गर्छ |

ती दुई कार्यक्रमहरू निम्न छन्:

द्विभाषिक शिक्षा
इंग्लिस एज अ न्यु ल्याङ्ग्वेज (ENL)

**साधारणतया दुई प्रकारको द्विभाषिक शिक्षा कार्यक्रमहरू छन् जुन तपाईंको विद्यालयले तपाईंलाई प्रदान गर्न सक्छ | एउटा माध्यमिक द्विभाषिक शिक्षा कार्यक्रम हो र अर्को एक पक्षीय वा दुई पक्षीय दोहोरो भाषा कार्यक्रम हो** |

**हामी अब माध्यमिक द्विभाषिक शिक्षा कार्यक्रमका बिशेषताहरूलाई हेरौं**

माध्यमिक द्विभाषिक शिक्षा कार्यक्रमले उस्तै प्राथमिक तहका वा गृह भाषिक विद्यार्थीहरूलाई बोल्न, पढ्न, बुझ्न र प्राथमिक तह वा गृह भाषिक सन्दर्भ सामग्री जस्तै विज्ञान र गणित अंग्रेजीमा लेख्ने मौका प्रदान गर्दछ |

अंग्रेजी सिक्दा प्राथमिक वा गृह भाषाले विद्यार्थीहरूलाई सम्पूर्ण सामग्रीहरूमा शैक्षिक प्रगति हासिल गर्न सहयोग गर्दछ |

प्रारम्भमा न्यूनतम ६०% निर्देशन विद्यार्थीको प्राथमिक वा गृह भाषामा हुन सक्छ जबकी अंग्रेजीमा ४०% हुनुपर्छ |

जब विद्यार्थीले अंग्रेजीमा तोकिएको प्रवीणता तह र अंग्रेजीको एक भाषिक वातावरणमा संक्रमण गर्न तयार नहुन्जेल समयक्रम संगै अंग्रेजीमा निर्देशन बढ्दै जान्छ |

माध्यमिक द्विभाषिक शिक्षा कार्यक्रमकको मुख्य उद्देश्य भनेको विद्यार्थीले एक भाषिक अंग्रेजी कक्षाकोठामा परिवर्तित गर्ने वातावरण प्राप्त गर्नु हो |

समयक्रम संगै विद्यार्थीले प्राप्त गर्ने निर्देशनको मात्रा बढ्दै जाने भएता पनि, तपाईंको बच्चाको द्विभाषिक विकासका लागि पनि सधैँ प्राथमिक वा गृह भाषाको मौका दिइनेछ |

यदि तपाईं आफ्नो बच्चालाई माध्यमिक द्विभाषिक शिक्षा कार्यक्रममा निरन्तरता दिन चाहनुहुन्छ भने, यसको बारेमा विद्यालयलाई जानकारी दिनुहोस् |

**हामी अब एक पक्षीय वा दुई पक्षीय दोहोरो भाषा कार्यक्रमलाई हेरौं**

द्विभाषिकदोहोरो भाषा कार्यक्रमले विद्यार्थीहरूका शैक्षिक क्षमता सुधार गर्दै द्विभाषिक, बहुशिक्षित , र बहुसांस्कृतिक बन्ने मौका प्रदान गर्दछ |

एक पक्षीय दोहोरो भाषा कार्यक्रमको नमुनामा, उस्तै प्राथमिक वा गृह भाषा र पृष्ठभूमि भएका विद्यार्थीहरूले द्विभाषिक वा बहुभाषिक बन्ने मौका पाउँछ | शिक्षक (वा शिक्षकहरूले) अंग्रेजी र प्राथमिक वा गृहभाषा दुबैमा संगसंगै निर्देशन प्रदान गर्दछन् |

दुई पक्षीय दोहोरो भाषा कार्यक्रमले मूल अंग्रेजी वक्ता र अंग्रेजी भाषा सिक्नेहरू दुबैलाई समावेस गर्दछ | शिक्षक वा शिक्षकहरूले दुबै भाषामा निर्देशन प्रदान गर्दछन् जसले दुई भिन्न गृहभाषा भएका विद्यार्थीहरूलाई द्विभाषिक वा बहुभाषिक र बहुसांस्कृतिक बन्ने मौका प्रदान गर्दछ |

बहुसंख्यक दोहोरो भाषा कार्यक्रमहरूमा, विद्यार्थीहरूले आधा निर्देशन प्राथमिक वा गृहभाषामा प्राप्त गर्दछन् भने बाँकीले आफूले सिक्दै गरेको लक्षित भाषामा प्राप्त गर्दछन् | यद्यपि अन्य समयावधिहरू रहन्छन् | उदाहरणको लागि एउटा ९०% देखि १०% को नमुनामा लक्षित भाषामा हुने निर्देशनहरू जुन अंग्रेजी भन्दा अरुमा छन् तिनीहरू बढी प्रतिशतमा हुन्छन र ५०% देखि ५०% सम्म पुग्दा सम्म घट्दै जान्छन् |

मजबुत आत्मविश्वास र विविध भाषिक सीपहरू विकास गर्दै विद्यार्थीहरू दुई भाषामा बोल्न, पढ्न र लेख्न र अरु संस्कृतिहरूको बारेमा पनि जान्न सक्छन् |

अनुसन्धानले देखाएको छ कि दोहोरो भाषा कार्यक्रमका विद्यार्थीहरूले अंग्रेजी र अन्य भाषामा ग्रेड जति वा सो भन्दा बढी अंक हासिल गर्दछन् |

तपाईंको बच्चा प्रत्येक वर्षको वसन्तमा संचालन हुने राज्य भाषा मुल्यांकनको प्रवीणता* तहमा पुगे पनि उ / उनि दोहोरो भाषा कार्यक्रम मै रहन्छन् |

**हामीले भर्खरै द्विभाषिक कार्यक्रमबारे छलफल गर्यौं, अब तपाईंको बच्चालाई उपलब्ध हुने नयाँ भाषाको रुपमा अंग्रेजी (ENL) कार्यक्रमको बारेमा पनि जानकारी हासिल गरौं |**

यस नयाँ भाषाको रुपमा अंग्रेजी (ENL) कार्यक्रममा तपाईंको बच्चा विविध भाषा बोल्ने विद्यार्थीहरू संगै हुनेछ | उ / उनले

- अंग्रेजी बोल्न, बुझ्न, पढ्न र लेख्न सिक्नेछन् |

- प्रशिक्षक जो बिशेषगरि ENL सिद्धान्त र रणनीतिमा तालिमप्राप्त छन् र तपाईंको नानीलाई अंग्रेजी सिक्न सहायताहरू प्रयोग गर्छन उनीहरूबाट विविध बिषयहरू (जस्तै विज्ञान, गणित, सामाजिक अध्ययन, कला, भाषा ) अंग्रेजीमा सिक्छन् |

- आफ्नो मुख्य वा घरको भाषालाई साधनको रुपमा प्रयोग गरेर अंग्रेजी सिक्छ |

यो कार्यक्रममा जब तपाईंको बच्चाले स्टेटको भाषा मुल्यांकनमा प्रवीणता* हासिल गर्छ उसले ENL कार्यक्रम छोड्छ र एकल भाषिक अंग्रेजी वातावरणमा सुचारु गर्छ |

**यो याद राख्नु जरुरी छ कि द्विभाषिक कार्यक्रमहरू साहित सबै कार्यक्रमहरूमा ENL सिक्षण समावेश गर्छ |**

जब तपाईंको बच्चाले प्रवीणता* प्राप्त गर्छ, उसले अतिरिक्त सहायताहरू थप दुई बर्षको लागि प्राप्त गर्न योग्य हुन्छ |

*एनवाईएसइएसएलएटिमा "उत्कृष्ट" तह

सबै कार्यक्रमहरू चाहे तिनीहरू द्विभाषिक हुन् वा ENL, तिनीहरूले तपाईंको बच्चालाई अंग्रेजी सिकाउँछन् र प्राथमिक या घरको भाषा निर्देशन वा समर्थनको लागि प्रयोग गराउँछन् |

यदि तपाईंले चाहनुभएको कार्यक्रम तपाईंको बच्चाको विद्यालयमा छैन भने तपाईंले तपाईंको जिल्ला जसले त्यो खास कार्यक्रम चलाउँछ त्यसमा सार्नको लागि सोध्न सक्नुहुन्छ | यदि त्यो कार्यक्रम तपाईंको जिल्लामा छैन तर त्यो ठाउँमा एउटा नै भाषा प्रयोग गर्ने पर्याप्त विद्यार्थीहरू छन् भने जिल्लाले समुदायसँग त्यो कार्यक्रम प्रदान गर्न अवश्य काम गर्नुपर्छ | कम्तीमा पनि सबै विद्यालयहरूले ENL प्रदान गर्नैपर्छ |

अनुसन्धानले यो देखाएको छ कि जब तपाईं एउटा कार्यक्रम छनोट गर्नुहुन्छ तपाईंले बदल्नु हुँदैन जबसम्म तपाईंलाई जरुरी हुँदैन | जब एउटा विद्यार्थी एउटानै कार्यक्रममा रहन्छ र एउटा बाट अर्कोमा जाँदैन त्यसले विद्यालयमा धेरै सफलता पाउन मद्दत गर्छ |

थुप्रै विद्यालयहरूले अतिरिक्त सहायता कार्यक्रमहरू प्रदान गर्छन् | तपाईं तपाईंको बच्चाको विद्यालयमा कर्मचारीहरूसंग विद्यालय सुरु हुनु भन्दा अगाडी या पछाडीका कार्यक्रमहरू, अंग्रेजी भाषा सिक्न चाहनेहरूलाई दिइने बिशेष कार्यक्रमहरू र तपाईंको बच्चालाई चाहिने खास आवश्यकताहरूबारे बिशेष जानकारीहरू माग गर्नुहोस् ।

विद्यालयहरू र जिल्लाहरूले अभिभावकहरूलाई विद्यालय र जिल्लाको कर्मचारीहरूसंग राम्ररी कुराकानी गर्न भाषागत सहयोगहरू प्रदान गर्नुपर्छ | आवश्यकता पर्दा कृपया अनुवाद वा दोभाषे सम्बन्धी सुविधाहरू माग्नुहोस् |

**याद गर्नुहोस् तपाईं तपाईंको बच्चाको सर्वोत्तम वकिल हो |** आफ्नो अधिकारहरू बारे जान्नुहोस्, प्रश्नहरू सोध्नुहोस् र सूचना एवम् सामग्रीहरू प्राप्त गर्नुहोस् जसबाट तपाईंले सूचित निर्णयहरू लिन सक्नुहुन्छ |

तपाईंको बच्चाले यस्तो शिक्षा प्राप्त गर्न योग्य छ जसले उसलाई पछि माध्यमिक तह पास गर्न सक्ने बनाउँछ र पछि कलेज जान तथा / वा करियर बढाउँन तयार पार्छ |

आफ्नो बच्चाको शैक्षिक भविष्यको लागि महत्वपूर्ण निर्णयहरू लिने क्रममा न्युयोर्क स्टेट एजुकेशन डिपार्टमेन्ट तपाईंलाई धन्यवाद व्यक्त गर्छ !